


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज ८ गते शुक्रबार ❑ 24 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## लोकतन्त्र र समाजवादलाई बलियो बनाउन कांग्रेस प्रतिबद्ध: सभापति देउवा

**पोखरापत्र संवाददाता**
**पर्वत, ७ असोज**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कांग्रेस लोकतन्त्र र समाजवादलाई बलियो बनाउन सधैं प्रतिबद्ध रहेको बताउनुभएको छ।

पर्वतको कुश्माबजारस्थित बिपी स्मृति भवनको बिहीबार भर्चुअल (जुम) माध्यमबाट उद्घाटन गर्नुहुँदै उहाँले पार्टीको महाधिवेशनले आन्तरिक लोकतन्त्र र समाजवादलाई बलियो बनाउने बताउनुभएको हो। सभापति देउवाले पछिल्लो समय मुलुकभर पार्टी कार्यालय भवन निर्माण हुने क्रममा वृद्धि भएको उल्लेख गर्नुहुँदै यसले पार्टीको संस्थागत विकासमा ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

वरिष्ठ नेता रामचन्द्र पौडेलले कम्युनिष्ट शक्ति विभाजन गरेर कांग्रेस ठूलो हुने नसोच्न कार्यकर्तालाई आग्रह गर्नुभयो । कार्यक्रममा भर्चुअल माध्यमबाट उहाँले भन्नुभयो, "हामी आफ्नै शक्तिले देशको ठूलो पार्टी हुने हो। कम्युनिष्ट फुटेका कारण ठूलो पार्टी हुने होइन।" वरिष्ठ नेता पौडेलले कांग्रेसको आसन्न महाधिवेशनले सफल र सक्षम नेतृत्व चयन गर्नुपर्ने बताउनुभयो।

कांग्रेसका केन्द्रीय सदस्य तथा भवन निर्माण समितिका संयोजक अर्जुनप्रसाद जोशीले पार्टीभित्र गुटबन्दीको अन्त्य हुनुपर्नेमा जोड दिनुभयो । विसं २०६६ कात्तिक ११ गते शिलान्यास गरिएको सो भवन झण्डै १२ वर्षमा सम्पन्न भएको छ । कूल रु एक करोड ४७ लाखको लागतमा सो भवन निर्माण भएको समितिका संयोजक जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार भवन निर्माणका लागि विभिन्न सङ्घ संस्था, व्यक्ति तथा शुभेच्छुकसँग रकम सङ्कलन गरिएको छ।

सङ्कलित रकममध्ये रु ६५ लाख बचत भएको र यसलाई अक्षय कोषमा राखिने उहाँले जानकारी दिनुभयो।

## प्रदेशवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराइनेछ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**दमौली, ७ असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

तनहुँको म्याग्दे गाउँपालिका-३ स्थित कोइरालाथोक तिलाहारे खानेपानी तथा सरसफाइ आयोजनाको आज उद्घाटन गर्दै मुख्यमन्त्री पोखरेलले खानेपानीको सुविधाबाट वञ्चित रहेका गाउँ बस्तीमा खानेपानी सुविधा पुर्‍याइने बताउनुभयो । हालसम्म गण्डकी प्रदेशका ९४ प्रतिशत नागरिकले आधारभूत खानेपानी सुविधा प्राप्त गरिसकेको बताउँदै मुख्यमन्त्री पोखरेलले बाँकी रहेका घरधूरीमा पनि चाँडै खानेपानी पुग्ने बताउनुभयो । "एक घर : एक धारा अभियानअन्तर्गत सरकारले हरेक जनताको घरधूरीमा खानेपानी सुविधा पुर्‍याउँछ", उहाँले भन्नुभयो।

गण्डकी प्रदेशसभा सदस्य डोवाटे विक, सरिता गुरुङ, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, संविधानसभा सदस्य ध्रुव वाग्ले, म्याग्दे गाउँपालिकाका अध्यक्ष मायादेवी राना लगायतले सो कार्यक्रममा मन्तव्य व्यक्त गर्नुभएको थियो।

खानेपानी आयोजनाका लागि प्रदेश सरकारले रु ४४ लाख, म्याग्दे गाउँपालिकाले रु २५ लाख लगानी गरेको छ भने स्थानीयवासीले रु ११ लाखको साझेदारी गरेका छन्। डिप बोरिङ प्रणालीबाट १४६ घरधूरीका ८०० उपभोक्ता लाभान्वित भएका छन्। खानेपानी सुविधा नहुँदा पंधेरा र कुवाबाट पानी ल्याउन बाध्य यहाँका स्थानीयवासी घरघरमै पानी आएपछि खुशी भएका छन्।

## नेपाल एक चीन नीतिको पक्षमा सदैव दृढतापूर्वक उभिएको छ : राष्ट्रपति

**रासस**
**काठमाडौं, ७ असोज**

राष्ट्रपति विद्यादेवी भण्डारीले चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा मित्रराष्ट्र चीनले शासकीय प्रबन्ध र अर्थतन्त्रमा हासिल गरेको अभूतपूर्व सफलता आजको विश्वमा आम चासो, चिन्तन र जिज्ञासाको विषय बन्न पुगेको बताउनुभएको छ।

राष्ट्रपति कार्यालय शीतल निवासमा शुक्रबार आयोजित 'सी चिनफिङ : चीनको शासन व्यवस्था, खण्ड २' नेपाली संस्करण पुस्तकको लोकार्पण एवं खण्ड ३ को परिचयात्मक समारोहलाई सम्बोधन गर्दै उहाँले विज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र आविस्कारका क्षेत्रमा चीनले अभूतपूर्व उपलब्धि हासिल गरेको बताउनुभयो।

गत सेप्टेम्बर १७ मा चिनियाँ अन्तरिक्ष वैज्ञानिक सम्मिलित सेन्झाउ-१२ अन्तरिक्ष यानले सफलतापूर्वक आफ्नो लक्ष्य पूरा गरेको प्रसङ्ग स्मरण गर्दै यसका लागि चिनियाँ जनता र आफ्ना चिनियाँ समकक्षीलाई राष्ट्रपतिले बधाई दिनुभयो । सी चिनफिङले आधुनिक चीनमा क्रान्ति, निर्माण र सुधारका साथै चिनियाँ राष्ट्रको पुनर्जागरणका लागि महत्वपूर्ण योगदान गर्नुहुने माओ जेदोङ तङ स्याओफिङ, जियाङ जेमिनलगायतका अग्रणी नेतृत्वको योगदानलाई निरन्तरता दिँदै 'नयाँ युगमा चिनियाँ विशेषतासहितको समाजवाद' निर्माणको अभियानलाई कुशलतापूर्वक नेतृत्व गरिरहनुभएको राष्ट्रपतिले उल्लेख गर्नुभयो।

चिनियाँ राष्ट्रपतिले अवलम्बन गर्नुभएको वातावरणमैत्री दिगो विकासका माध्यमबाट जलवायु परिवर्तनले उत्पन्न गरेका चुनौती सामना गर्न चीन सक्षम हुनेछ भन्ने आफूले विश्वास लिएको राष्ट्रपति भण्डारीको भनाइ थियो।

राष्ट्रपति भण्डारीले भन्नुभयो, "चीनले अङ्गीकार गरेको मानवकेन्द्रित हरित विकास नीतिका माध्यमबाट मानव अधिकारका मूलभूत मान्यताको संरक्षणमा समेत टेवा पुगेको मैले महसुस गरेको छु। यस परिप्रेक्ष्यमा 'मानवजातिका लागि साझा भविष्यसहितको विश्वसमुदाय निर्माण' गर्ने महामहिम सीको परिकल्पना सराहनीय छ ।" अतिकम विकसित र विकासोन्मुख मुलुकलाई भौतिक पूर्वाधार निर्माणमा सहयोग गरी विकासका अवसर प्रदान गर्ने राष्ट्रपति सी को परिकल्पनाको समेत उहाँले प्रशंसा गर्नुभयो । आफ्ना चिनियाँ समकक्षीको नेतृत्वमा करोडौँ चिनियाँ जनतालाई गरिबीको रेखाबाट माथि उठाउँदै सन् २०२० भित्र चीनबाट गरिबी निवारण गर्ने अभियानमा ऐतिहासिक सफलता मिलेको र यसबाट सन् २०३० सम्म विश्वमा सबै प्रकारको गरिबी निवारण गर्ने दिगो विकासको लक्ष्य हासिल गर्नसमेत चीनले महत्वपूर्ण योगदान पुर्‍याएको छ भन्ने आफूलाई लागेको उहाँले बताउनुभयो।

सन् २०२५ सम्ममा विश्वको प्रमुख नवप्रवर्तन तथा प्रविधि राष्ट्र बनाउने चीनको लक्ष्यमा सफलता मिलोस् भनी उहाँले शुभकामना दिनुभयो । राष्ट्रपतिले भन्नुभयो, "नेपाल र चीनबीच परापूर्वकालदेखि नै मैत्रीपूर्ण घनिष्ठ सम्बन्ध रहिआएको छ। भूगोल र प्रकृतिले हामीलाई एक अर्कासँग निकट बनाएका छन् । हाम्रा दुई देशलाई महान् बौद्ध सभ्यताको साझा विरासतले आपसमा जोडेको छ । हाम्रा दुवै देशले पारस्परिक मित्रता एवं विकासमा साझेदारीलाई ठूलो महत्व दिएका छन्।"

राष्ट्रपति भण्डारीले नेपाल एक चीन नीतिका पक्षमा सदैव दृढतापूर्वक उभिएको तथा जायज चासो र सरोकारप्रति नेपाल सधैँ संवेदनशील रहेको स्पष्ट पार्नुभयो। नेपालको बहुआयामिक विकासका लागि मित्रराष्ट्र चीनबाट नेपालले सहयोग प्राप्त गर्दै आएको, पछिल्ला वर्षमा चीन सरकारद्वारा प्रवर्द्धन गरिएको 'बेल्ट एण्ड रोड' पहलको नेपाल सदस्य बनेकोसमेत राष्ट्रपतिले उल्लेख गर्नुभयो। हिमालय वारपार बहुआयामिक सम्पर्क सञ्जाललाई नेपालले अवसरका रूपमा ग्रहण गरेको भन्दै उहाँले नेपाललाई भू-परिवेष्ठित राष्ट्रबाट भू-जडित राष्ट्रका रूपमा विकास गर्नका लागि चिनियाँ भूमि हुँदै समुद्रसम्म पहुँच प्राप्त गर्न हाम्रा दुवै देशबीच सम्झौता भएको स्मरण गर्नुभयो।

पूर्वाधारको पनि पूर्वाधारका रूपमा रहेको शिक्षा क्षेत्रको विकासमा चीन सरकारले प्रदान गर्दै आएको सहयोगका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कांग्रेसले दसैँअघि हिमाली जिल्लामा अधिवेशन गर्ने

**रासस**
**काठमाडौं, ७ असोज**

नेपाली कांग्रेसले हिमाली जिल्लामा दसैँअघि अधिवेशनका कार्यक्रम गर्ने निर्णय गरेको छ।

कांग्रेस संसदीय दलको कार्यालय सिंहदरबारमा बिहीबार भएको कांग्रेस पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठकले महाधिवेशनकोकार्यतालिकाअनुसार जिल्ला अधिवेशन गर्ने सहमति गरेको हो।

कांग्रेसले हिमाली जिल्ला ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक, रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालीकोट, बाजुरा, बझाङ, दार्चुला, धादिङ, गोरखासहित २१ जिल्ला सूचीमा राखेको छ। ती जिल्लामा दसैँअघि नै र अरु जिल्लामा दसैँपछि जिल्ला अधिवेशन गर्ने सहमति भएको छ। हिमालीबाहेकका जिल्लामा दसैँअघि स्थानीय तहको अधिवेशन सम्पन्न गर्ने र बाँकी अधिवेशनका कार्यक्रम दसैँपछि गर्ने सहमति भएको छ।

मौसमलाई मध्यनजर गरेर हिमाली जिल्लामा दसैँअघि नै जिल्ला अधिवेशन गर्ने निर्णय गरिएको निर्वाचन समितिले जनाएको छ । कांग्रेसको ६४ जिल्लाको वडा अधिवेशन सम्पन्न भइसकेको छ । ती जिल्लामा यही असोज ९ गते पालिका अधिवेशन हुँदैछ। तेह्र जिल्लाको क्रियाशील सदस्यता सार्वजनिक नहुँदा अधिवेशन तालिका नै प्रभावित भएको छ । कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षले सबै अधिवेशन एउटै समयमा हुनुपर्ने माग गरेपछि कांग्रेसमा महाधिवेशन कार्यतालिका परिमार्जन हुने भएको हो। कांग्रेसको महाधिवेशन कार्यतालिकाअनुसार असोज ९ गते स्थानीय तहको अधिवेशन, असोज १२ गते प्रदेशसभा निर्वाचन क्षेत्र, असोज १५ गते प्रतिनिधिसभा निर्वाचन क्षेत्र र असोज १८ गते जिल्ला अधिवेशन गर्ने उल्लेख छ। कांग्रेस कोषाध्यक्ष सीतादेवी यादवले पार्टीको पदाधिकारी बैठकमा पार्टीको महाधिवेशन केन्द्रित भएर लामो छलफल भए पनि निष्कर्षमा पुगिनसकेको जानकारी दिनुभयो।

कतिपय जिल्लामा क्रियाशील सदस्यता विवाद टुङ्गिएको छैन । पार्टीको महाधिवेशनबाट हुने नेतृत्व चयन प्रक्रियामा पार्टीले अङ्गीकार गरेको समावेशिताका विषयलाई कसरी सम्बोधन गर्ने भन्नेबारे पनि छलफल भएको कोषाध्यक्ष यादवले बताउनुभयो। बैठकमा प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति विजयकुमार गच्छदार, महामन्त्री डा शशाङ्क कोइराला, महामन्त्री पूर्णबहादुर खड्का, कोषाध्यक्ष यादव, सहमहामन्त्री प्रकाशशरण महत पूर्वमहामन्त्री प्रकाशमान सिंह, पूर्वउपसभापति गोपालमान श्रेष्ठ र केन्द्रीय सदस्य डा मीनेन्द्र रिजालगायतको उपस्थिति थियो।

## पर्यटन प्रवर्द्धन गर्न अन्तरप्रदेश समझदारी

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असोज**

पर्यटन प्रवर्द्धन गर्न गण्डकी प्रदेश र प्रदेश नं २ का बीचमा अन्तरप्रदेश समझदारी भएको छ।


समझदारीमा पर्यटकीय गन्तव्यको पहिचान, सम्वर्द्धन र प्रचारप्रसार बढाउने, दुवै प्रदेशबीच सिधा हवाइ सेवाको निरन्तरताका साथै जनकपुर-पोखराको हवाई सेवा विस्तारमा जोड दिइने उल्लेख छ । त्यस्तै धार्मिक, सांस्कृतिक, पुरातात्विक संस्कृतिको आदानप्रदानका साथै साहसिक खेल पर्यटनका सम्भावना बढाउने, जानकी मन्दिरदेखि त्रिवेणीधाम हुँदै मुक्तिनाथसम्मको धार्मिक पर्यटकीय सर्किटको प्रवर्द्धनमा जोड दिने र दुवै प्रदेशका सहकार्यका क्षेत्र पहिचान गरी कार्यान्वयनमा ल्याउने समझदारीमा उल्लेख छ।

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेश र नाट्टा प्रदेश नं २ को संयोजन एवं गण्डकी प्रदेश सरकारका निमन्त्रणामा पोखरा भ्रमण रहनुभएका प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउत र गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको उपस्थितिमा सो समझदारी भएको हो।

भ्रमण टोलीसँग बिहीबार गरिएको आन्तरिक पर्यटन प्रवर्द्धन तथा अन्तर प्रदेश अनुभव आदानप्रदानको अन्तर्क्रियात्मक कार्यक्रमपश्चात् नाट्टा गण्डकी प्रदेशका अध्यक्ष सञ्जयकान्त सिग्देल र नाट्टा प्रदेश नं २ का अध्यक्ष मोहनप्रसाद शर्माले मुख्यमन्त्रीद्वयको रोहबरमा सो समझदारीमा हस्ताक्षर गर्नुभएको थियो।

कार्यक्रममा प्रदेश नं २ का मुख्यमन्त्री राउतले गण्डकी प्रदेशसँग पर्यटकीयलगायतका हरेक क्षेत्रमा सहकार्य गर्न तयार रहेको जनाउँदै दुवै प्रदेशको हितका लागि एकताबद्ध प्रयास गर्ने बताउनुभयो । हवाई सेवाका साथै सडक यातायात सञ्जाललाई व्यवस्थित गर्नु जरुरी भएको र भारतीय पर्यटकलाई अधिकतम भित्र्याउने सोचका साथ अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्रीपोखरेलले सङ्घीयतालाई प्रभावकारी कार्यान्वयन गर्न एकापसमा सहकार्य आवश्यक रहेको बताउनुभयो। दुबै प्रदेशबीच पर्यटकीय सम्भावनालाई उजागर गर्दै अघि बढ्नका लागि सहकार्यका साथ अघि बढ्ने उहाँको भनाइ छ । सो अवसरमा गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कँडेलले पर्यटनको विकासका लागि पूर्वाधार विकाससँगै पर्यटकीयस्थलको प्रवर्द्धन आवश्यक भएको बताउनुभयो। दुवै प्रदेशका पर्यटकीय गन्तव्य प्रवर्द्धन गर्दै हवाइ तथा सडक सञ्जाललाई प्रभावकारी बनाउनुपर्ने उहाँले जोड दिनुभयो।

कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगी, नाट्टा केन्द्रीय अध्यक्ष अच्युत गुरागाइँ, पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष सिग्देल, नाट्टा प्रदेश नं २ का अध्यक्ष शर्मा, गण्डकी प्रदेशका प्रमुख सचिव डा दामोदर रेग्मी, सुबोधकुमार गुप्ता, युवराज लामा, गणेश लाठलगायतले पर्यटनलगायतका हरेक क्षेत्रमा निजी क्षेत्रले ठूलो लगानी गरेको जनाउँदै सरकारले लगानीको सुरक्षाका साथै प्रोत्साहित गर्ने किसिमका कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो । उहाँहरूले मुख्यमन्त्री राउत नेतृत्वको टोलीको गण्डकी प्रदेश भ्रमणसँगै दुवै प्रदेशबीचको पर्यटकीय साझेदारी बढ्ने विश्वास व्यक्त गर्नुभयो।



# बाँझापाटन तमु समाजको ४९ औ वार्षिक साधारणसभा

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असोज**

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाँझापाटन तमु समाजको ४९ औ वार्षिक साधारण सभा तथा सम्मान कार्यक्रम बिहीवार सम्पन्न भयो। कास्कीका सभासद मन वहादुर गुरुङले कार्यक्रमको उद्घाटन गर्दै समाजमा सवै एक जुट भएर अगाडि बढ्नु पर्ने धारणा राखे।

सानै उमेर देखी समाजको चाडपर्वमा सहभागी हुदै आएका निकेश गुरुङ, साइसा गुरुङ र कृष्टिना गुरुङ विशेष सम्मान गरियो। समाजमा लामो समय देखी सहयोग गरिराख्ने १७ जना र १२ जना जेष्ठ नागरिकहरुलाइ सम्मान गरियो। बाँझापाटन तमु समाजका अध्यक्ष नासु. कृष्ण वहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा तमु धि नेपालका उपाध्यक्ष सु.मे. श्री प्रसाद गुरुङ लगायत वोलेको कार्यक्रममा बाँझापाटन तमु समाजका उपाध्यक्ष सु. इन्द्रवहादुर गुरुङले स्वागत र सचिव कुलप्रसाद गुरुङ(स्यानु) संचालन गरेका थिए।



# 'वर्ल्ड हाप्किडो च्याम्पियनसिप'का लागि नौ खेलाडी छनोट

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असोज**

नेपालले आगामी महिना रसियामा आयोजना हुने 'वर्ल्ड हाप्किडो च्याम्पियनसिप'मा भाग लिने भएको छ।

पोखरामा एक महिनाअघिदेखि सञ्चालन भएको बन्द प्रशिक्षणमा सहभागी २० खेलाडीमध्येबाट च्याम्पियनसिपका लागि नौ खेलाडी छनोट गरिएको नेपाल मार्सल आर्टस् हाप्किडो सङ्घले जनाएको छ। बन्द प्रशिक्षण समापनका अवसरमा नेपालको प्रतिनिधित्व गर्दै प्रतियोगितामा सहभागी हुने खेलाडीलाई बुधबार गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पोखराबाट बिदाइ तथा च्याम्पियनसिपमा सफलताको शुभकामना व्यक्त गर्नुभयो। रसियाको सेन्ट पिटर्सवर्गमा आगामी कात्तिक ५ देखि ७ गते हाप्किडोको च्याम्पियनसिप आयोजना हुँदैछ।

नेपाल मार्सल आर्टस् हाप्किडो सङ्घ गण्डकीका उपाध्यक्ष तारा थापामगरले एक महिना लामो बन्द प्रशिक्षण समापन गरिएको र केही दिनको आरामपछि पुनः रसिया जानु १० दिन अगाडि काठमाडौँमा प्रशिक्षण सञ्चालन गरिने जानकारी दिनुभयो। उहाँका अनुसार हाप्किडो सङ्घका प्रमुख प्रशिक्षक सुष्मिता गुरुङ नेतृत्वमा रसिया जाने खेलाडीमा चार महिला र चार पुरुष खेलाडी छन्।

सहभागी हुने खेलाडीमा भुवन बुढामगर (लुम्बिनी), प्रविन गुरुङ (बागमती), कृति गिरी (गण्डकी प्रदेश), विजयाकुमारी वाइबा (प्रदेश नं १), गङ्गा घर्तीमगर (लुम्बिनी), नवीना श्रेष्ठ (लुम्बिनी), गुमान घर्तीमगर (लुम्बिनी) र गणेश केसी (लुम्बिनी) रहनुभएको छ।

# अन्नपूर्णका पर्यटकीयस्थल भ्रमणका लागि खुलाइने

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ७ असोज**

अन्नपूर्ण गाउँपालिकाका पर्यटकीयस्थल यही असोज १५ गतेदेखि भ्रमणका लागि खुलाइने भएका छन्। कोरोना महामारी फैलिएपछि गत वैशाखदेखि बन्द भएका पर्यटकीयस्थल करिब छ महिनापछि खुल्न लागेका हुन्। कार्यपालिकाको बैठकले पर्यटकीयस्थल र तातोपानी कुण्ड स्नानका लागि खुलाउने निर्णय गरेको हो।

कार्यपालिकाका प्रवक्ता कृष्णप्रसाद बरुवालले कोरोना सङ्क्रमणको दर घटेको, खोपको व्यवस्था भएको, थलिएको पर्यटन व्यवसाय उठाउन तथा जनजीवनलाई सहज र आर्थिक गतिविधिलाई चलायमान बनाउन पर्यटकस्थल खुलाउने निर्णय लिइएको बताउनुभयो। "पहिलो लहरको कोरोना महामारी भित्रिएपछि बन्द गरिएका पर्यटकीयस्थल र तातोपानी कुण्ड औपचारिकरूपमा १८ महिनापछि खुलाउन लागिएको हो", उहाँले भन्नुभयो, "गत माघ, फागुन र चैत महिनामा न्यून सङ्ख्यामा पाहुना आए पनि औपचारिक हिसाबले खुलाइएको थिएन।"

अन्नपूर्ण आधार शिविर, भुरुङ, पाउद्धार, रातोपानी र सेकार्कुको कुण्ड, घोडेपानी, पुनहिल, मोहरे, फूलबारी, खोपारा लेक, बयली, रुप्से, अन्धगल्छी, महभिर तथा नारच्याङ झरनालगायत पर्यटकीयस्थलका होटल तथा लज खुलाउने निर्णय गरिएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाका अध्यक्ष डमबहादुर पुनले पर्यटकीयस्थलका बासिन्दा, होटल व्यवसायी र मजदुरलाई कोरोना भाइरसविरुद्धको खोप लगाउन प्राथमिकता दिइएको बताउनुभयो। प्रमुख पर्यटकीयस्थल घोडेपानीका १८ वर्षमाथिका १४० जनालाई बुधबार कोरोनाविरुद्धको खोप लगाइसकिएको छ। तातोपानी, रातोपानीलगायतपर्यटकीयस्थलका बासिन्दालाई पनि कोरोनाविरुद्धको खोप लगाउन प्राथमिकता दिइने गाउँपालिकाले जनाएको छ। अन्नपूर्णका पर्यटकीयस्थल पाहुना र पर्यटकको पर्खाइमा रहेका घोडेपानी टोल सुधार समितिका अध्यक्ष बिरेन गर्बुजाले बताउनुभयो। करोडौँ लगानी गरेर होटल तथा लज खोलेका व्यवसायी पर्यटक नआउँदा समस्यामा परेका थिए। स्वास्थ्य सुरक्षा सतर्कता अपनाएर पर्यटन क्षेत्रलाई सञ्चालन गरिने होटल व्यवसायीहरूले बताउनुभयो।

पर्यटकीयस्थल बन्द हुँदा अन्नपूर्ण गाउँपालिकालाई गत वर्ष रु एक करोडभन्दा बढी आम्दानी गुमेको छ। तातोपानी र पुनहिलमा प्रवेश शुल्क तथा चमेनागृह सञ्चालनका लागि गत वर्ष ठेक्का लगाइएको थिएन।

# बेरोजगार महिलालाई अनुदान दिने

**पोखरापत्र संवाददाता**
**तनहुँ, ७ असोज**

व्यास नगरपालिकाले स्नातक उत्तीर्ण गरेका बेरोजगार महिलालाई अनुदान दिन मापदण्ड पारित गरेको छ।

नगरप्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा बिहीबार बसेको नगरपालिकाको बैठकले सो निर्णय गरेको हो। त्यस्तै फोहरमैलाबाट ऊर्जा उत्पादन गर्न विभिन्न अनौपचारिक प्रस्ताव आइरहेको हुदाँ इच्छुक कम्पनी वा संस्थासँग लागत साझेदारीका आधारमा नियमानुसार प्रस्ताव माग गर्ने निर्णय भएको छ।

नगरपालिकाअन्तर्गत कार्यरत बालविकास शिक्षक, माध्यमिक विद्यालयका लेखापाल र विद्यालयका कार्यालय सहयोगीलाई क्रमश : १५ हजार १०० र रु १४ हजार ५०० श्रावण महिनादेखि पारिश्रमिक उपलब्ध गराउने निर्णय गरेको नगरपालिकाका सूचना प्रविधि अधिकृत विशाल पण्डितले जानकारी दिनुभयो।

# नेपाल...

लागि आभार प्रकट गर्दै राष्ट्रपति भण्डारीले यस क्षेत्रमा हाम्रो साझेदारीलाई थप सघन तुल्याउनुपर्दछ भन्ने आफूलाई लागेको स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो, "हाम्रो सहकार्यबाट उत्पादित शैक्षिक जनशक्तिको सदुपयोग गरी समृद्धिको यात्रालाई सफल बनाउनुपर्ने खाँचो रहेको मैले महसुस गरेको छु।" नेपाल-चीन मित्रतालाई प्रगाढ बनाउन विभिन्न समयमा उच्चस्तरीय भ्रमण तथा विचार आदानप्रदान हुँदै आएको तथ्य पेश गर्दै राष्ट्रपति भण्डारीले सन् २०१९ अक्टोबरमा चिनियाँ राष्ट्रपति सीले गर्नुभएको नेपालको ऐतिहासिक राजकीय भ्रमण एवं सोही वर्षको अप्रिल-मे मा भएको आफ्नो चीन भ्रमण तथा विभिन्न समयमा भएका सौहार्दपूर्ण वार्ताको स्मरण गर्नुभयो। विश्वव्यापी महामारीका रूपमा देखिएको कोभिड-१९ विरुद्धको खोपलाई विश्वसमुदायको सार्वजनिक सेवामा उपलब्ध गराउने र आर्थिकरूपमा सर्वसुलभ बनाई सबैको पहुँच सुनिश्चित गर्ने चिनियाँ राष्ट्रपति सीको मानवतावादी प्रतिबद्धताबाट नेपाललगायत विश्वका धेरै देश लाभान्वित भएको उहाँले बताउनुभयो। नेपालका लागि कोभिड-१९ विरूद्धको अभियानमा मित्रराष्ट्र चीनद्वारा उपलब्ध गराइएका खोप, स्वास्थ्य सामग्री र मानवीय सहयोगका लागि नेपाली जनता र नेपाल सरकारकोतर्फबाट मित्र राष्ट्र चीनका जनता र राष्ट्रपतिप्रति उहाँले कृतज्ञता ज्ञापन गर्नुभयो।

बिहीबार लोकार्पण गरिएको पुस्तक 'सी चिन फिङ चीनको शासन व्यवस्था' को दोस्रो भागको अध्ययनबाट चीनले पछिल्ला दशकमा हासिल गरेका चामत्कारिक सफलतामा राष्ट्रपति सी चिनफिङका वैचारिक-राजनीतिक दृष्टिकोण, नीति, कार्यक्रम र तिनको सफल कार्यान्वनका लागि विकास गरिएका शासकीय प्रबन्धका' बारेमा पाठकले जानकारी प्राप्त गर्नसक्ने आफूले विश्वास लिएको उहाँको भनाइ छ।

चिनियाँ राष्ट्रपति सीद्वारा लिखित 'सी चिनफिङ चीनको शासन व्यवस्था, खण्ड २' लाई अनुवाद गरी नेपाली पाठकसमक्ष ल्याउने चीन अध्ययन केन्द्र र अनुवादमा संलग्नलाई समेत राष्ट्रपति भण्डारीले धन्यवाद दिनुभयो।




मुख्यमन्त्रीद्वय - एक आपसमा मायाको चिनो आदानप्रदान : नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स(नाट्टा) गण्डकी प्रदेश र नाट्टा प्रदेश नं २ को संयोजन एव्र गण्डकी प्रदेश सरकारको निमन्त्रणामा आयोजित आन्तरिक पर्यटन प्रवर्द्धन तथा अन्तर प्रदेश अनुभव आदानप्रदान कार्यक्रममा मायाको चिनो आदानप्रदान गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउत। तस्वीर : राधिका कँडेल, रासस

# थपिए एक हजार २३९ संक्रमित

**रासस**
**काठमाडौं, ७ असोज**

नेपालमा पछिल्लो २४ घण्टामा एक हजार २३९ कोरोना भाइरस सङ्क्रमित थपिएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बिहीबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार १५ हजार २४३ नमूना परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

नेपालमा सङ्क्रमण दर १९.१ प्रतिशत छ। योसँगै हाल देशभर सक्रिय सङ्क्रमित २० हजार ७४३ जना छन्। त्यस्तै ५०० भन्दाबढी सङ्क्रमित भएका जिल्ला नौ र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला २० छन्। अहिले ५०० भन्दा बढी सङ्क्रमित हुने जिल्लामा मोरङ, सुनसरी, झापा, काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर, कास्की र रुपन्देही छन्। पछिल्लो २४ घण्टामा एक हजार ३२४ जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुने कूल सङ्ख्या सात लाख ५६ हजार ९५४ पुगेको छ। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६ प्रतिशत छ। सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा १३ जनाको ज्यान गएको छ। अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ७२ जनाको निधन भइसकेको छ। हाल देशभर ३४० सघन उपचार कक्ष, १११ भेन्टिलेटर, १९ हजार ४३७ होमआइशोलेसन, एक हजार ३३४ संस्थागत आइशोलेसन र २४६ जना क्वारेन्टिनमा छन्। बिहीबार एक लाख ३८ हजार ३८५ जनाले खोप लगाएका छन्। अहिलेसम्म पहिलो मात्रा ६२ लाख ९३ हजार ८९ र पूर्ण मात्रा ५८ लाख ६० हजार ९२९ जनाले लगाइसकेका छन्।

# भदौ महिनामा १०२ व्यक्तिमाथि मानवअधिकार उल्लङ्घन

**रासस**
**काठमाडौं, ७ असोज**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गत भदौ महिनामा १०२ व्यक्ति मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट पीडित भएको जनाएको छ।

इन्सेकले बिहीबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार गत भदौ र यही असोज ७ गतेसम्म १५ पुरुष र ८७ महिला गरी १०२ जना मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका पीडित भएको उल्लेख छ। प्रतिवेदनअनुसार प्रदेश २ मा २५, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा १५, गण्डकी र वाग्मती प्रदेशमा १३/१३, प्रदेश १ मा १० र सुदूरपश्चिम प्रदेशमा आठ जना पीडित भएका छन्। भदौ महिनामा अपहरणका घटनामा दुई, कुटपिटका घटनामा दुई, घाइते एक, दुर्व्यवहारका घटनामा चार र धम्कीका घटनामा दुईजना पीडित भएका इन्सेकले जनाएको छ।

भदौ महिनामा नौ जनाको हत्या गरिएको र बालअधिकार उल्लङ्घनका घटनामा ४७ तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३५ जना पीडित भएका प्रतिवेदनमा उल्लेख छ। बालअधिकार उल्लङ्घनका घटनामा परी ४६ बालिका र एक बालक गरी ४७ जना बालबालिका पीडित भएका इन्सेकले जनाएको छ। अभिलेखित घटनामध्ये बलात्कारका घटनामा ३८, यौन दुर्व्यवहारका घटनामा छ, बेचबिखन प्रयासको घटनामा एक र विद्यालयमा शारीरिक दण्ड सजायको घटनामा एक जना पीडित भएको प्रतिवेदनमा छ।

# गण्डकीलाई पहिलो साक्षर प्रदेश बनाउँछौँ : मन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**बलेवा, ७ असोज**

गण्डकी प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले गण्डकी प्रदेश देशकै पहिलो साक्षर प्रदेश हुने बताउनुभएको छ।

बुधबार पत्रकारसँग संक्षिप्त कुराकानी गर्दै उहाँले मन्त्रालयले प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने तयारी गरिरहेको जानकारीदिनुभयो। सरकारका १०० दिनको कामका विषयमा समीक्षा गर्दा साक्षर प्रदेश बनाउने अभियानलाई जोड्नुपर्ने जनाउँदै उहाँले एक महिनाभित्रै प्रदेश साक्षर घोषणा हुने छ भन्नुभयो।

## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ
**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# कांग्रेस महाधिवेशन फेरि सर्ने

नेपाली कांग्रेसको १४ औ महाधिवेशन फेरि सार्ने तयारी भएको छ। २०७८ भदौ २३ गतेदेखि काङ्ग्रेसको बैधानिकता सकिएको छ । भदौ १८ गतेबाट वडा अधिवेशन शुरु गरेर निर्वाचन आयोगबाट दण्ड सजाय नहोस् भन्न खोजेको छ। निर्वाचन आयोग सरकारको लागि कसरी सजिलो बनाउने उपाय बताइदिने गरेको छ । काङ्ग्रेस सभापति शेर बहादुर देउवाले सत्ताको प्रयोग गरि अनुकूल समयमा गर्ने तयारी थालेका छन । संस्थापन पक्षले केन्द्रीय महाधिवेशन अहिले एक महिना पछाडि सार्ने प्रस्ताव गरेको छ।

बिहीबार साँझ बसेको पदाधिकारी र पूर्व पदाधिकारीहरुको बैठकमा महामन्त्री पूर्णबहादुर खड्काले मंसिर ७ देखि १३ गतेका लागि तोकिएको महाधिवेशन गर्न नभ्याउने जानकारी गराएका छन । १३ जिल्लाको क्रियाशील सदस्यता विवाद छ । १३ जिल्लाको विवाद महाधिवेशन सार्नका लागि सदस्यता विवाद कायमै राखिएको हो। सभापति एवं प्रधानमन्त्री देउवाले महामन्त्री मार्फत आफ्न योजना कार्यान्वयन गराउन थालेका छन । केन्द्रीय समितिले गरेका निर्णय पटकपटक फेरिएको हुँदा अब पनि हुने त्यहीं हो ।मिति सार्नका दुवै पक्ष तयार हुने देखेर बैठक सुरु गरेर प्रधानमन्त्री समेत रहेका पार्टी सभापति शेर बहादुर देउवा हिँडिसकेका थिए । देउवा हिँडेपछि उपसभापति विमलेन्द्र निधिको उपस्थितिमा भएको छलफलमा खड्काले पुसमा केन्द्रीय महाधिवेशन गने प्रस्ताव राखेका छन् ।

संस्थापन पक्षले क्रियाशील सदस्यता सार्वजनिक नभएकै कारण १३ जिल्लामा वडा अधिवेशन हुन सकेको छैन। २० वटा हिमाली जिल्लामा दशैं अगाडि नै जिल्ला अधिवेशन गर्ने सहमति जुटेको छ। अन्यत्र दशैंतिहारको बीचमा हुनेछ । काङ्ग्रेसको संस्थापन पक्षले बरिस्ठ नेता रामचन्द्र पौडेलले देखाएको बाटो मै देउवा निकट महामन्त्री खड्काले प्रदेश अधिवेशन छठ (२४ कात्तिक) पछाडि गर्ने प्रस्ताव राखेका छन्। यो भनेको मंसिरको पहिलो सातातिर हुनेछ। जबकी पूर्व निर्धारित कार्यतालिकाअनुसार मंसिर ९ मा केन्द्रीय महाधिवेशन उद्घाटन हुनुपर्ने हुन्छ।

त्यसैले महामन्त्री खड्काले केन्द्रीय महाधिवेशन एक महिना पछाडि सारेर पुस ९ देखि १३ गतेसम्म गने प्रस्ताव गरेका छन् । 'मंसिरको सट्टा पुसमा महाधिवेशन गर्ने प्रस्ताव आएको छ,' बैठकमा सहभागी एक नेता भन्छन्, 'यसबारे अहिले कुनै निर्णय भएको छैन ।' जबकी कांग्रेसले २०७७ भदौ २३ अगाडि नै केन्द्रीय महाधिवेशन गरिसक्नुपर्ने हो । पाँच वर्षे कार्यकाल पुरा गरेर थपिएको ६ महिना २३ भदौमै गुज्रिसक्यो । केन्द्रीय महाधिवेशन गर्न नसकेपछि उसले १८ भदौमा वडा अधिवेशन सुरु गरेर त्यही जानकारी निर्वाचन आयोगलाई दिएको थियो ।

# ८६ वर्षीया वृद्धाको पहिलो पटक जोर्नी प्रत्यारोपण

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ असोज**

बागलुङको धौलागिरि अस्पतालमा पहिलोपटक ८६ वर्षीया वृद्धाको जोर्नी प्रत्यारोपण गरिएको छ । गत भदौ २४ गते लडेर देब्रे कम्मरको जोर्नीमा रहेको हड्डीको गेडी भाँचिएको तुलसा थापाको आज सफलरूपमा जोर्नी प्रत्यारोपण गरिएको अस्पतालले जनाएको छ। यसलाई मेडिकल भाषामा 'नेक अफ फिमर' भन्ने गरिन्छ।

दुर्गम जिल्लामध्येको बागलुङस्थित सरकारी अस्पतालमा ८६ वर्षीया थापाको हड्डी प्रत्यारोपण गरिएको अस्पतालका हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डा प्रतीक आचार्यले जानकारी दिनुभयो । कम्मरको देब्रे तर्फको गेडी जोर्नी शल्यक्रियामार्फत निकालेर स्टिलको गेडी राख्न सफल भएको र यो अत्यन्तै जोखिमपूर्ण भए पनि जोर्नीको प्रत्यारोपण सफल भएको डा आचार्यले बताउनुभयो । "उहाँको पहिलो जोखिम भनेको उमेर हो, ८६ वर्षको उमेरमा शल्यक्रियामार्फत प्रत्यारोपण विरलै हुन्छ, अझ पहाडको सरकारी अस्पतालमा", आचार्यले भन्नुभयो, "हाम्रो शल्यक्रिया समूहले निकै जोखिम मोलेर शल्यक्रिया गरेर हड्डी प्रत्यारोपण गरेका हौं, एक जनाले मात्रै यो गर्न सकिँदैन, सबैको सहयोगले यो सम्भव भएको हो ।" आचार्यका अनुसार यसअघि आफ्नै नेतृत्वको समूहले ७० वर्षका वृद्धको जोर्नी प्रत्यारोपण गरे पनि त्योभन्दा बढी उमेरको हड्डी प्रत्यारोपण भएको यस अस्पतालको पहिलो हो । उमेर जति बढी भयो त्यति नै शल्यक्रिया तथा प्रत्यारोपण कम सफल हुँदै आए पनि ८६ वर्षकी आमाको सफलतापूर्वक स्टिल गेडी जोर्नी प्रत्यारोपण गर्न सफल भएको एनेस्थेसिया डा नवीन पौडेलले बताउनुभयो। "बिरामीलाई बेहोस बनाएर गरिने शल्यक्रियामा उमेरको ठूलो महत्व हुन्छ, उमेर बढी भएसँगै शरीर कमजोर हुन्छ, फोक्सो तथा हड्डी कमजोर हुन्छ, हामीले यो स्तरको सरकारी अस्पतालमा जोखिम मोलेकै हो", डा पौडेलले भन्नुभयो, "यस्ता शल्यक्रिया गर्न अस्पताल व्यवस्थापन समिति र मेडिकल सुपरीटेन्डेन्टको समेत ठूलो सहयोग छ।" तीजको दिनमा बागलुङ नगरपालिका-१० भकुण्डे निवासी तुलासाको शौचालय जाने क्रममा लडेर कम्मरको देब्रे जोर्नी भाँचिएको थियो । परिवारले यसअघि धौलागिरि अस्पतालमा शल्यक्रिया गर्न दुई पटक ल्याउँदासमेत उहाँले शल्यक्रिया गर्न मान्नुभएको थिएन तर दुखाइ बढी भएको र विस्तारमै थला पर्ने अवस्था आएपछि शल्यक्रियाका लागि परिवारले तेस्रो पटक अस्पताल ल्याएको र शल्यक्रिया सफल हुँदा खुसी भएको तुलसाका नाति धनबहादुर थापाले बताउनुभयो । उहाँलाई अझै १० दिन अस्पतालमा नै राखिनेछ।

# असोज १० गतेदेखि सर्वसाधारणका मुक्तिनाथ खुला गरिँदै

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ७ असोज**

मुस्ताङमा रहेको प्रसिद्ध मुक्तिनाथ मन्दिर पाँच महिनापछि यही असोज १० गतेदेखि सर्वसाधारणका लागि खुला गरिने भएको छ।

गत वैशाखदेखि मुक्तिनाथमा नित्य पूजाबाहेक सर्वसाधारणका लागि दर्शन तथा पूजाआजामा रोक लगाइएको थियो । कोरोना महामारीका कारण बन्द रहेको मन्दिर सर्वसाधारणका लागि खुला गर्ने निर्णय गरिएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले बताउनुभयो । मङ्गलबार प्रमुख जिल्ला अधिकारी पौडेलको अध्यक्षतामा बसेको कोभिड-१९ सङ्कट व्यवस्थापन समितिको बैठकले सङ्क्रमणदर न्यून रहेकाले मन्दिर खुला गर्ने निर्णय गरेको हो। जिप्रकाको आदेशअनुसार आसोज १० गतेदेखि मन्दिर सबैका लागि खुला हुने मुक्तिनाथ विकास समितिले जनाएको छ।

बैठकले कोरोना परीक्षण गरेको पिसीआर रिपोर्ट वा एन्टिजेन रिपोर्टका आधारमा मात्रै जिल्ला प्रवेश गर्न पाउने व्यवस्था गरेको छ । पिसीआर गरेको सात दिन र एन्टिजेन गरेको ७२ घण्टाभित्रको रिपोर्टका आधारमा मात्रै जिल्ला प्रवेश गर्न दिइने निर्णय गरिएको छ।

कोरोना खोप लगाएका व्यक्तिले सहज प्रवेश पाउनेछन् । मुक्तिनाथ झण्डै समुद्री सतहबाट तीन हजार ८०० मिटरको उचाइमा अवस्थित छ।

# बागलुङमा माओवादी केन्द्रको जिम्मेवारी बाँडफाँट

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ असोज**

सङ्गठन पुनर्गठनमा होमिएको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बागलुङले यहाँका दशौवटै स्थानीय तहमा नेतृत्वको जिम्मेवारी बाँडफाँट गरेको छ।

तत्कालीन नेकपा विभाजनपछि पूर्ववत् दलका हैसियतमा फर्किएको माओवादी केन्द्रले रिक्त रहेका पदमा नेतालाई जिम्मेवारी तोकेको हो। पार्टी जिल्ला समन्वय समितिका संयोजक ज्ञामनाथ गैरे 'अनिल'का अनुसार बागलुङ नगरपालिकाको अध्यक्षमा इन्द्र केसी, सचिवमा राजु खड्का, गलकोट नगरपालिकाको अध्यक्षमा ललित श्रीस, सचिवमा खिम साहनी, ढोरपाटन नगरपालिकाको अध्यक्षमा भीम गौतम, सचिवमा सुमित घर्ती र जैमिनी नगरपालिकाको अध्यक्षमा झमन पाण्डे र सचिवमा शोभाप्रसाद शर्मालाई जिम्मेवारी दिइएको छ । यस्तै काठेखोला गाउँपालिकाको अध्यक्षमा कृष्ण थापा, सचिवमा लक्ष्मी थापा रोका, ताराखोला गाउँपालिकाको अध्यक्षमा दिवस खत्री, सचिवमा फूलमाया पुन, बडिगाड गाउँपालिकाको अध्यक्षमा मिलन रेश्मी, सचिवमा वीरेन्द्र बुढा, निसीखोला गाउँपालिकाको अध्यक्ष कुवीर विक सचिवमा भरत पुनलाई जिम्मेवारी तोकिएको संयोजक गैरेले बताउनुभयो।

तमानखोला गाउँपालिकाको अध्यक्षमा नरेन्द्रकुमार छन्त्याल, सचिवमा नारायण घमाल र बरेङ गाउँपालिकाको अध्यक्षमा मुकुन्द गौतम र सचिवमा सन्तबहादुर श्रीसले जिम्मेवारी लिनुभएको हो। नेकपा नेतृत्वमा रहेका पदाधिकारीलाई कायमै राखिएको र रिक्त रहेका पदमा नयाँलाई जिम्मेवारी तोकिएको संयोजक गैरेको भनाइ छ।

नेकपा छँदा सचिवको जिम्मेवारीमा रहेका अहिले अध्यक्षको जिम्मेवारीमा आएका छन् भने सचिवमा नयाँले अवसर पाएका छन् । मुख्य नेतृत्वबाहेक कार्यसमिति सदस्य भने पूर्ववत् स्थितिमै पार्टीमा क्रियाशील रहेको माओवादी केन्द्रले जनाएको छ।

यसअघि पार्टी केन्द्रले देशभरका वडा कमिटी पुनर्गठन गर्न गरेको निर्देशनानुसार यहाँ पनि वडा तहका सबै कमिटीले पूर्णता पाएका थिए । पचासी वटै वडामा नयाँ कमिटी बनेको संयोजक गैरेले जानकारी दिनुभयो।

तल्लो तहदेखि नै सङ्गठन पुनर्गठनमा लागेको सो पार्टीले वडा, स्थानीय तह, जिल्ला, प्रदेश हुँदै केन्द्रको सम्मेलन तोकेको छ । नेकपा विभाजनपछिको नयाँ स्थितिमा पार्टी सङ्गठनलाई व्यवस्थित गर्दै गति प्रदान गर्न पुनर्गठनमा जानुपरेको सो पार्टीले जनाएको छ।

# बागलुङका पर्यटकीयस्थलमा चहलपहल बढ्दै

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ असोज**

गण्डकी प्रदेशकै उत्कृष्ट धार्मिक पर्यटकीयस्थल मानिएको बागलुङ कालिका मन्दिर छ महिना अघिदेखि आन्तरिक पर्यटक बढ्न थालेका छन्।

कोरोना अघि दैनिक एक हजारको हाराहारीमा पर्यटक आउने पञ्चकोटमा पनि तीन महिना अघिदेखि फाटफुट आन्तरिक पर्यटक आउन थालेका छन् । विश्वकै चर्चित पर्यटकीयस्थल ढोरपाटनमा शिकार खेल्नका लागि विदेशी पर्यटले अनुमति पाइसेका छन् । गलकोटको सहस्रधारा झरना, टेउवाको खुला मूर्तिकला सङ्ग्रहालय, बागलुङ नगरपालिका-४ स्थित भूमिगत शालिग्राम सङ्ग्रहालयलमा पनि पर्यटकको चलहपहल सुरु भइसकेको छ।

जिल्लाका अधिकांश व्यवसायलाई समेत खोपको प्रबन्ध भएपछि व्यापार व्यवसायसमेत बढ्न थालेको जिल्ला उद्योग वाणिज्य सङ्घका अध्यक्ष युवराज राजभण्डारीले जानकारी दिनुभयो । "होटल तथा अन्य व्यवसायीलाई खोपको व्यवस्था गर्दै आएका छौं। अहिले बागलुङ बजारमा चहलपहल व्यापक भइसकेको छ, कालिका मन्दिर, पञ्चकोटलगायत धार्मिक तथा पर्यटकीय क्षेत्रमा समेत आन्तरिक पर्यटक देखिन थालेका छन्" उहाँले भन्नुभयो, "कोरोनाको दोस्रो लहरमा ठप्प रहेको व्यापार, होटल व्यवसाय, पर्यटन व्यवसाय चल्न थालेका छन्।"

बागलुङ र पर्वत जिल्लाको बिचमा रहेको कालीगण्डकी नदीमाथि रहेको बञ्जी पुलमा आउने पर्यटकसमेत आउन थालेपछि यहाँका होटलमा चहलपहल बढ्न थालेको होटल तथा रेष्टुराँ व्यवसायी सङ्घ जिल्ला अध्यक्ष निलेश राजभण्डारीले जानकारी दिनुभयो।

"थलिएको पर्यटन व्यवसाय विस्तारै उठ्न थालेको छ, होटलमा पाहुना आउन थालेका छन्, अब केही आशावादी भएका छौं, खोपको व्यवस्थापन भइरहेकाले हामी व्यवसायीसमेत विस्तारै व्यवसायमा केन्द्रित भएका छौं" उहाँले भन्नुभयो, "पछिल्लो समय नयाँ पर्यटकीय गन्तव्य पहिचान र प्रवर्द्धन भएपछि निकै राम्रो भएको थियो तर कोरोनाले यहाँका व्यवसायलाई धरासायीनै बनायो, अहिले पुनः सुरु भएकाले केही राहत हुनेछ।"

पछिल्लो समय बेलढुङ्गा, हाँडीकोट, मूर्तिकला, चमेरे गुफा, गाईघाट झरना र सहस्रधारा झरना पुनः चहलपहल सुरु भइरहेको छ। विश्वकै लामो पुल 'गण्डकी गोल्डेन वृज'मा अहिले आन्तरिक पर्यटकको भीड नै लाग्ने गरेको छ भने कालिका मन्दिरमा मङ्गलबार र शनिबार भक्तजनको चाप बढदै आएको छ।

दर्शनार्थीलाई सामाजिक दूरी कायम गरी मन्दिर अवलकोन तथा दर्शन गर्ने व्यवस्था मिलाएको कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष राजु खड्काले बताउनुभयो।

# बढ्दै छ संस्थागत सुत्केरी हुनेको दर

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ असोज**

स्वास्थ्य संस्थामा पुगेर गर्भ जाँच गर्ने र सुत्केरी हुने सङ्ख्या बढेको स्वास्थ्य कार्यालय बागलुङको तथ्याङ्क छ।

स्वास्थ्यकर्मीकै घरभेट कार्यक्रम, स्वास्थ्य संस्थामा सुत्केरी हुँदा पाउने प्रोत्साहन भत्तालगायतले सो प्रगति भएको कार्यालयका प्रमुख सुरज गुरौले जानकारीदिनुभयो । अघिल्लो वर्षदेखि सुत्केरीपश्चात् स्वास्थ्यकर्मीद्वारा नै घरभेट कार्यक्रमसमेत सञ्चालन भए पनि उनीहरूको स्वास्थ्यमा पनि सुधार भएको देखिएको उहाँले बताउनुभयो । स्वास्थ्य संस्थामै गर्भ जाँच गने आर्थिक वर्ष ०७६/०७७ मा ११ प्रतिशत रहेकोमा गत आवमा १८ प्रतिशत पुगेको प्रमुख गुरौले जानकारी दिनुभयो । "आमा सुरक्षा कार्यक्रममा नियमित गर्भ जाँच र संस्थागत सुत्केरी दर अघिल्ला वर्षमा जस्तै रहेको छ", गुरौले भन्नुभयो, "यस वर्ष सुत्केरीपश्चात् जाँच गर्नेको सङ्ख्या वृद्धि भएको छ।" जिल्लाका अधिकांश स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर स्थापना भएकोले यो तथ्याङ्क बढाउन सहयोग गरेको हो । त्यस्तै कतिपय स्थानमा एउटै वडामा पनि दुई स्थानमा सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेर सुत्केरी सेवा र गर्भ जाँच सेवा दिन थालिएपछि महिला स्वास्थ्यको सङ्ख्या उल्लेख्य बढेको पाइएको हो। अति दुर्गम मानिने तमानखोलाको नर्जाखानी, लामेला र खुंगाको धिरीसमेतमा एकाइ स्थापना भएका छन्।

जिल्लाभरि नै घरमै पुगेर सुत्केरीलाई भेट्ने र जाँच गर्ने कार्यक्रमसमेत लागू भएको छ । सरकारी कार्यक्रमबाहेक गैरसरकारी संस्थाले पनि सुरक्षित सुत्केरीको क्षेत्रमा काम गरिरहेका छन् । त्यसले पनि यसमा उल्लेखनीय प्रगति भएको हो । यसले आमा सुरक्षा कार्यक्रम थप प्रभावकारी भएको उनले बताए। परिवार नियोजनका साधन प्रयोग गर्नेको सङ्ख्या पनि एक प्रतिशतले वृद्धि भएको कार्यालयको तथ्याङ्क छ।

जिल्लामा क्षयरोगका बिरामी पत्ता लगाउने दर पनि वृद्धि भएको छ। अघिल्लो वर्ष १४६ क्षयरोगका बिरामी पत्ता लागेकोमा यस वर्ष १४९ पत्ता लगाएको कार्यालयका क्षयकुष्ठ निरीक्षक देवप्रकाश घिमिरेले जानकारी दिनुभयो । जिल्लामा कूल पत्ता लगाएका क्षयरोगका बिरामीमध्ये १.४६ प्रतिशतको क्षयरोगका कारण मृत्यु भएको उहाँले बताउनुभयो।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : सम्मान मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शारीरिक झमेला |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : मन चञ्चल |
| सिंह | : शत्रुको भय | कुम्भ | : मानसिक तनाब |
| कन्या | : आर्थिक समस्या | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## विमा लेख हरायो

एसियन लाइफ इन्स्योरेन्स वाट जारि गरिएको निम्न लिखित बीमालेख कुँडहरदेखि महेन्द्रपुसम्म जाँदा २०७८/०४/१० गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।
नाम: अभ्युदय सिग्देल
विमा लेख नं. ६५१२०००९९९०
सम्पर्क : एसियन लाइफ इन्स्योरेन्स
पोखरा शाखा
मो: ९८५६०३३६०८

## निक्षेप उपर हकदावी सम्वन्धी ३५ दिने सूचना

सूचना प्रकाशित मिति २०७८/०६/०७

यस बिकास बैंकको शाखा कार्यालय वालिङ, स्याङ्जामा खाता भएको स्याङ्जा जिल्ला साबिक तिनदोवाटे गा.वि.स./ग.पा./न.पा. वडा नं. ०७ र हाल वालिङ गा.वि.स./ग.पा./न.पा वडा नं. ०८, करदी स्थित स्थायी बसोबास भएको श्री/श्रीमती ठान प्रसाद अधिकारीको नाममा यस शाखा कार्यालयमा बचत खाता नं. ००१०१९००७५५४०६००००01 रहेको र निजको मिति २०७८/०४/१५ मा मृत्यू भएकोले मिति २०७४/०४/३१ गा.वि.स./ग.पा./न.पा. को मृत्यू दर्ता नं.२०१७०९११००८७७-२ प्रमाणपत्र अनुसार निज ठान प्रसाद अधिकारीको नाउँको खातामा इच्छाइएको व्यक्ति नभएकोले सोहि गा.वि.स./ग.पा./न.पा ऐ.ऐ. ठेगानामा वसोवास गर्ने उहाँको छोरा श्री/श्रीमती जीवन अधिकारीले स्थानीय वालिङ गा.वि.स./ग.पा./न.पा. कार्यालयको सिफारिस सहित मृतक ठान प्रसाद अधिकारी नाउँको यस बिकास बैंकमा माथि उल्लेखित शाखामा रहेको खाताको रकम पाउँ भनी आवश्यक कागजात सहित यस बिकास बैंकमा पेश गर्नुभएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस बिकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ। अन्यथा तोकिएको समय भित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ वमोजिम निज निवेदक श्री जीवन अधिकारीलाई उल्लेखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको लागि यो सूचना प्रकाशित गरिएको छ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

# ५५ सडक योजना कटौती

-खेमराज गौतम
बागलुङ, ७ असोज (रासस)

बागलुङ बजार हुँदै सिगाना, चापाखर्कबाट बरेङ जोड्ने सडक तीन वर्षमा कालोपत्र गर्ने तयारी थालिएको थियो । विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) सकेर बोलपत्र प्रक्रियाको अनुमति लिन मात्रै बाँकी रहेको सो सडक खण्डको बजेट अहिले कटौती भएको छ।

जङ्गल क्षेत्र नभएको केही स्थानमा पक्की नाली र आठ मिटर चौडा गरी सिगानाको बौडचौरसम्मको १० किलोमिटर सडक रु ४० लाखमा कालोपत्र गर्ने गरी डिभिजन सडक कार्यालय बागलुङ्ले तयारी थालेको थियो । उक्त सडकसँगै पछिल्लो समय बागलुङ क्षेत्र नं १ का मात्रै १७ सडकको योजना र बजेट कटौती भएको बताइएको छ । प्रतिस्थापन बजेट आएसँगै धौलागिरिका चार जिल्लाका ५५ सडक कटौती भएको डिभिजन सडक कार्यालयले जनाएको छ । उक्त सडकमध्ये केही निर्माणका चरणमा प्रवेश गरिसकेका समेत थिए । यस क्षेत्रका स्थानीयवासी वजेट कटौती गरेपछि निराश बनेको बागलुङ नगरपालिका-८ सिगानाका वडाध्यक्ष राजन जिसीले जानकारी दिनुभयो । "अहिले सडक र बजेट दबै कटौती भयो, नयाँ योजना र नयाँ नीति त आउला तर विकासमा भने केही वर्षपछि पर्ने भयो", उहाँले भन्नुभयो, "राजनीतिक दलको सरकार परिवर्तन भए पनि विकासे काम भने निरन्तर हुनुपर्ने थियो, यो दुर्भाग्य भयो, सरकार परिवर्तनसँगै विकास निर्माण प्रभावित हुनु हुँदैन ।" बागलुङे जनताका लागि निरन्तररूपमा पहलकदमी गरी १७ सडक छनोटमा पारेर केही परिणामसमेत दिइसकेको अवस्थामा सडक कटौती भएको बागलुङ क्षेत्र नं १ का सांसद डा सूर्य पाठकले बताउनुभयो । "राजनीति परिवर्तनशील छ, सरकारसमेत स्थिर नभएको अवस्था त छँदै थियो तर विकासे योजना जुन रातो किताबमा समावेश भएका बहुवर्षे योजना थिए, ती निरन्तर हुनुपर्दथ्यो", उहाँले भन्नुभयो, "हामीले उक्त सडक निकै सोच, विचार र नागरिकको जीवनस्तर उकास्नेसँग जोडिएका थिए, तर अहिले कटौती भएको छ, पुनः योजना त आउला तर विकास निर्माण पछि धकेलियो ।"
क्षेत्र नं १ अन्तर्गत सङ्घीय सरकारको भौतिक पूर्वाधार मन्त्रालयको रातो किताबमा सूचीकृत बागलुङ-मालढुङ्गा बलेवा-कुश्मीसेरा सडक (बरेङ-गुल्मी-शान्तिपुर), बागलुङ बजार सिगाना चापाखर्क गौजाको दह बरेङ सडक, मालढुङ्गा पैयापटा लहरेबर अमलाचौर हुँदै कुश्मीसेरा सडक, भीमापोखरा अक्षेतेबाट सलाम मलठाना सिम म्याग्दी जोड्ने पयर्टकीय सडक हटाइएको छ।

यस्तै मालढुङ्गा-बलेवा-कुश्मीशेरा-वरेङ-शान्तिपर गुल्मी सडक, खरज्यनङ दरबार गौडाकोट जुभुङ मुजुवा शान्तिपुर हुग्दीशिर बागलुङ, गलुवा, द्वार भकुण्डे डोठे ताल, रामतोला रायडाँडा फेदी कुश्मीशेरा जैमिनी, सडक, भैरवस्थान कामीचौतारा सतिपोखरा ढकालथोक सम्माचौर करिडोर सडक, काठेखोला गाँउपालिका भीमपोखरा सिम सायकोट ओखले हुँदै म्याग्दी भकिम्ली कालोपत्र गने सडक, काठेखोला भीम पोखरा सिम सायकटेरा खोख्ले भकिम्ली सडक, भाङ्गी तारीखेत पुरानो गाउँ गहुँखेत सडक, कालीगण्डकी करिडोर भुनेवा वडा कार्यालय भड्कुवा खोलाखानी मोटरबाटो, बुकेनी मनकामना दिहिडाँडा गैडाफाँट सिम्स्वारा बोडेचौर सडक, बाग्लुङ मालढुङ्गा गणेश घुम्ती म्याग्दी जोड्ने सडक, बडारचौर ढाडेनी सडक, बागलुङ तित्याङ निफन्नी भकुण्डे भ्यूटावर रायडाँडा सडक सिमलपाटाबाट निफन्नीसम्म स्तरोन्नतिलगायतका सडक कटौती गरिएको छ।

साविक धौलागिरिका पर्वत, म्याग्दी, बागलुङ र मुस्ताङका सडक हेर्दै आएको सडक डिभिजन कार्यालयका इञ्जीनियर सुरेन्द्र गौतमले यस कार्यालयअन्तर्गतका ५५ सडक कटौती भएको बताउनुभयो । "अहिलेलाई सडक कटौती भएको मात्रै अवगत भयो, पुनः के व्यवस्था आउँछ अहिले भन्न सकिन्न", उहाँले भन्नुभयो, " साना सडक आयोजना स्थानीय तहमार्फत सम्पन्न गर्नका लागि कटौती भएको होला, सडकले ठूला आयोजनामात्रै हेर्ने नीति आएर हो के कारणले अब केही दिनमा जानकारी होला।"

# म्याग्दीका ८८ विद्यालय भवन पुनःनिर्माण

–सन्तोष गौतम
म्याग्दी, ७ असोज

भूकम्पले क्षति पुगेका म्याग्दीका ८८ वटा विद्यालयका भवन पुनःनिर्माण भएको छ । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले विसं २०७२ को भूकम्पले भत्किएका र जीर्ण बनेका विद्यालय भवन पुनःनिर्माण गरेको हो। प्राधिकरणको जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा) म्याग्दीका इञ्जिनीयर विष्णु रिजालले २०७८ असार मसान्तसम्म ८८ वटा विद्यालयमा २८२ वटा कक्षा कोठा भवन पुनःनिर्माण भएको जानकारी दिनुभयो।

"एक सय पाँच विद्यालयका ३४४ कक्षा कोठा, ५० शौचालय र २७ वटा खानेपानी आयोजना पुनःनिर्माण गर्ने लक्ष्य रहेको थियो", उहाँले भन्नुभयो, "८८ विद्यालयका २८२ कक्षा कोठा, ४५ शौचालय र २५ वटा खानेपानी पुनःनिर्माण सकिएको छ।" तीस वटा दुई कोठे, १० वटा तीन कोठे, ४८ वटा चार कोठे भवन पुनःनिर्माण भएको छ । पैँतीस वटा भवन गत आर्थिक वर्ष २०७७/७८ मा निर्माण सकिएका हुन् । गत वर्ष ३७ वटा चार कोठे, तीन वटा तीन कोठे, १० वटा दुई कोठे भवन पुनःनिर्माणका लागि विद्यालय व्यवस्थापन समितिसँग सम्झौता भएको थियो। गत आवमा २४ वटा चार कोठे, एक वटा तीन कोठे र दश वटा दुई कोठे भवन निर्माण सकिएका छन्। पैंतालिस शौचालय र २५ वटा खानेपानीका योजना निर्माण भएको छ। गत वर्ष सम्झौता भएका १७ वटा भवन, पाँच वटा शौचालय र दुई वटा खानेपानी आयोजनाले पूर्णता पाउन बाँकी छ। तेह्र वटा चार कोठे, दुई वटा तीन कोठे र दुई वटा दुई कोठे भवन निर्माणाधीन अवस्थामा छन्।

एक वटा चार कोठे भवनको दोस्रो तला ढलान बाँकी छ भने अरु सबै रङरोगन गर्ने अवस्थामा रहेका एकाइका इञ्जिनीयर रिजालले बताउनुभयो। आव २०७७/७८ मा ३० शौचालय र २७ वटा खानेपानीका योजना निर्माणका लागि सम्झौता भएको थियो। पाँच शौचालय र दुई खानेपानीका योजना निर्माणाधीन अवस्थामा छन्। आव २०७३/७४ देखि जिल्ला आयोजना कार्यान्वयन एकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) मार्फत विद्यालय भवन पुनःनिर्माण कार्यको थालनी भएको थियो । विसं २०७६ साउन १ मा जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा) स्थापना भएपछि म्याग्दीमा विद्यालय भवन, शौचालय र खानेपानी पुनः निर्माणले थप तीव्रता पाएको हो।

कोरोनाको जोखिम, वैशाख तेस्रो सातादेखि गरिएको निषेधाज्ञा र जेठको अन्तिम सातादेखि शुरु भएको बर्षातले ग्रामीण सडक अवरुद्ध भएर निर्माण सामग्री ढुवानी गर्न नसक्दा विद्यालय भवन पुनःनिर्माणको योजना प्रभावित बनेका हुन्। कतिपय विद्यालयमा दोस्रो चरणमा भवन निर्माण भइरहेको छ। सुविधा सम्पन्न भूकम्प प्रतिरोधी क्षमताको अपाङ्गमैत्री भवन निर्माण भएपछि पठनपाठन सहज र विद्यार्थीले सुरक्षित महसुस गरेका हिमाञ्जल मावि नागीका प्रअ रमन पुनले बताउनुभयो। जीर्ण भवनमा जोखिम मोलेर त्रासपूर्ण वातावरणमा पठनपाठन गर्नु/गराउनुपर्ने विद्यार्थी र शिक्षकको बाध्यता हटेको उहाँको भनाइ छ।

भूकम्प प्रतिरोधी क्षमताका विद्यालय भवन अपाङ्गमैत्री छन् । खानेपानी आयोजनाका संरचनालाई बालमैत्री बनाइएको छ। शौचालयका योजना छात्रामैत्री छन् । विद्यालय भवन पुनःनिर्माणका लागि म्याग्दीमा हालसम्म करिब रु ६० करोड खर्च भएको छ । आव २०७७/७८ मा पूँजीगत शीर्षकमा रु २६ करोड १९ लख ५१ हजार बजेट विनियोजन भएकोमा रु २४ करोड ९९ लाख खर्च भएको एकाइले जनाएको छ।

भौगोलिक विकटता, वैदेशिक सहायता शीर्षकबाट दाताले प्रतिबद्धता जनाएको बजेट समयमा नआउने र स्थानीयस्तरमा पर्याप्त मात्रामा दक्ष मजदुरको अभाव विद्यालय भवन पुनः निर्माणका क्रममा म्याग्दीमा देखिएका चुनौती हुन्।

# अन्नपूर्ण पदमार्गमा आउन थाले पर्यटक

-जनक श्रेष्ठ
लमजुङ, ७ असोज (रासस)

कोरोना महामारीका कारण सुनसान बनेको विश्वविख्यात चक्रिय अन्नपूर्ण पदमार्गमा पर्यटकको चहलपहल बढ्न थालेका छन्।

कोरोना सङ्क्रमणको जोखिम कम भएसँगै सुनसान जस्तै बनिरहेको यस पदमार्गमा यतिबेला पर्यटकको चहलपहल बढ्न थालेका हुन् । बाह्य पर्यटकको चहलपहल बढ्न थालेपछि यस क्षेत्रका व्यवसायी उत्साहित भएका छन्। यस पदमार्गमा अहिले दैनिक १५ देखि २५ जनासम्म विदेशी पर्यटक आउन थालेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच केन्द्र धारापानीले जनाएको छ। कार्यालयका पर्यटन सहायक क्षेत्रबहादुर गुरुङले भन्नुभयो, "कोरोना सङ्क्रमणको जोखिम बढेपछि पदमार्गमा पर्यटक आगमन ठप्प हुँदा निराश बनेका यस क्षेत्रका पर्यटन व्यवसायी यतिबेला पर्यटक आउन थालेपछि हर्षित हुन थालेका छन् । पर्यटन व्यवसाय विगतकै लयमा फर्किने आशामा उनीहरू उत्साहित बनेका छन्।"

दुई वर्षदेखि कोरोनाका कारण राम्रोसँग नआएका पर्यटक अब भने विगतकै लयमा दैनिक एक सयदेखि २०० जनासम्म आउने आशामा आफूहरू रहेको पर्यटन व्यवसायीको भनाइ छ । पर्यटक नआउँदा चिन्तित बन्न थालेका यस पदमार्ग आसपासमा पर्यटन व्यवसायीमा विस्तारै आशा पलाउन थालेको देखिन्छ।

मर्स्याङ्दी गाउँपालिका-४ का पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङले भन्नुभयो, "पर्यटकको चाप बढ्ने यस पदमार्गमा कोरोनाले प्रभावित हुँदा एक दुई हजारको मुख देख्न समेत रहर भइरहेका बेला पर्यटक आउन थालेपछि धेरै खुसी भएको छु।" अझै राम्रोसँग कोरोनाको जोखिम हटिसकेको छैन, यस्तो अवस्थामा समेत आट गरेर पर्यटक आउन थाल्नु धेरै राम्रो कुरा भएको उहाँको भनाइ छ।

पदमार्ग आसपासका अधिकांश पर्यटक व्यवसायीको आम्दानीकै स्रोत पदमार्गमा आउने पर्यटक हो, तर पर्यटक नै नआएपछि व्यवसाय धान्ने त परकै कुरा, परिवारको जीवन धान्नलाई समेत समस्या पर्न थालेका बेला पर्यटक आगमनले पर्यटन व्यवसायमा ऊर्जा मिलेको उहाँको भनाइ छ। पर्यटन व्यवसायी गुरुङले भन्नुभयो, "पर्यटक आगमन हुन थालेपछि एक रुपैयाँ समेत आम्दानी गर्न समस्या भइरहेका बेला अहिले दैनिक १० देखि १५ हजारसम्म आम्दानी हुन थालेको छ, विगतमा पर्यटकीय मौसममा रु ५०/६० हजार आम्दानी हुन्थ्यो । यति आम्दानी पनि अहिले धेरै राम्रो भएको हो।" पर्यटक नआउँदा होटल व्यवसायी मर्कामा पर्दै आए पनि विस्तारै पर्यटकको आगमन हुन थालेपछि पर्यटन क्षेत्र विस्तारै लयमा फर्किनेमा आशावादी रहेको पर्यटन व्यवसायी मेखबहादुर गुरुङले बताउनुभयो। पर्यटकको आगमनले दुई चार पैसा आम्दानी हुन थालेपछि दशैँखर्च पनि जुटाउन सहज हुने उहाँको भनाइ छ। यस पदमार्गमा लामो समयदेखि पर्यटन व्यवसायमा आवद्धहुँदै आउनुभएका खुसीराम गुरुङ, जीतबहादुर गुरुङ, देवीजङङ गुरुङ, पूर्णबहादुर गुरुङ पर्यटक नआउँदा निराश बनेपनि यतिबेला विस्तारै पर्यटक आउँदा आम्दानी हुन थालेसँगै खुसी हुन थालेका छन्।

यस पदमार्गमा हजारौ पर्यटन व्यवसायी रहेका छन् । अधिकांश पर्यटन व्यवसायी अन्नपूर्ण पदमार्गमा आउने पर्यटककै भरमा जीवन चलाउँदै आएका छन् । पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रितीरिवाज, प्राकृतिक सुन्दरता हेर्नलाई साथै मनाङबाट थुम्रापास गरी मुस्ताङ र कोही पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा पर्यटक आउने गर्छन्।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङमा पर्दछ । अन्नपूर्ण पदमार्गमा लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी ५ वटा जिल्ला जोडिएको छ । यस पदमार्गमा सन् २०२१ को हालसम्म ६०० पर्यटक मात्र आएको बताइएको छ। गत वर्ष अर्थात् सन् २०२० मा १ हजार ९७६ जना पर्यटक आएको धारापानी एक्याप केन्द्रले जनाएको छ। त्यस्तै, केन्द्रका अनुसार सन् २०१९ मा ३६ हजार ६४७ जना पर्यटक, सन् २०१८ मा २९ हजार ४८४ पर्यटक, सन् २०१७ मा २१ हजार ६८ पर्यटक पदमार्गमा आएका थिए । कोरोना सङ्क्रमणको पहिलो लहरदेखि दोस्रो लहर आउनुभन्दा अघिका वर्षमा विगतका भन्दा पर्यटक आगमन वृद्धि हुन थालेको थियो।

अब कोरोना सङ्क्रमणको तेस्रो लहर नआएमा र पर्यटक विगतका जसरी पर्यटक आउन थालेमा पर्यटन व्यवसायी प्रभावित नहुने बताइएको छ। पर्यटक आगमन हुन थालेपनि यहाँ गत असार १ गतयता अविरल वर्षासँगै आएको बाढीपहिराले विभिन्न स्थानमा पदमार्ग विगार्नुका साथै यात्रामा असहज बनाएको छ।

यस पदमार्गको मर्मत तत्काल गर्दै पर्यटक आकर्षित गर्नेतर्फ सरकारले पनि ध्यान दिनुपर्ने पर्यटन व्यवसायीको माग छ । यति बेला पर्यटकीय सिजनसमेत रहेको छ । विगतमा दसैँ तिहारमा समेत पर्यटकको चाम ठूलो हुँदा दसैँ मनाउन छाडेर समेत पर्यटन व्यवसायी पर्यटकको सेवामा लाग्ने गरेका थिए।

# नेपाली महिला फुटबल टोली स्वदेश फिर्ता

रासस
काठमाडौं, ७ असोज

एएफसी महिला एसियन कप-२०२२ छनोटका लागि उज्वेकिस्तान पुगेका नेपाली राष्ट्रिय महिला फुटबल टोली आज स्वदेश फर्किएको छ । अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का पदाधिकारीले उक्त टोलीलाई स्वागत गरेका थिए। प्रतियोगितामा समूह 'एफ'मा रहेको नेपाल समूह चरणबाट बाहिरिएको थियो । दोस्रो चरणमा गत मङ्गलबार भएको खेलमा नेपाल हङकङसँग गोलरहित बराबर भएपछि समूह चरणबाटै बाहिरिएको हो । नेपालले छनोट चरणमा दुई खेल खेलेकामा पहिलो चरणमा फिलिपिन्ससँग २-१ गोल अन्तरले पराजित भएको थियो। दुई खेलमा नेपाले एक अङ्क मात्र जोडेकाले अङ्क तालिकाको अन्तिम स्थानमा पुगेको थियो।


## फेवा बचत तथा ऋण सहकारी संस्था लि.

प्रधान कार्यालय पोखरा–५ जिरो कि.मी. फेवा मार्ग
सम्पर्क कार्यालय सृजनाचोक, पोखरा-८, कास्की गण्डकी प्रदेश

## २२ औं वार्षिक साधारण सभा बारेको सूचना

सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेशले मिति २०७८ साल भाद्र ७ गते जारी गरेको सूचना तथा सहकारी विभागले मिति २०७७ साल आश्विन १ गते जारी गरेको साधारण सभा सम्बन्धि मार्गदर्शन बमोजिम यस संस्थाले महामारी अवधिमा साधारण सभा सञ्चालन कार्यविधि तय गरे अनुसार मिति २०७८ भदौ ५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न मिति, स्थान र समयमा संस्थाको २२ औं वार्षिक साधारण सभा तपशिलका विषय उपर छलफल र निर्णय गर्न बस्ने बारेको सूचना सम्पूर्ण सदस्यहरुलाई विभिन्न माध्यमबाट पठाइ सकिएको छ । यदि कुनै कारणवश सूचना प्राप्त नभएमा यसै सूचनालाई आधार मानी मिति २०७८ साल असोज १२ गते देखि १६ गतेसम्म तलको तालिका अनुसार साधारण सभा सम्पन्न हुने हुँदा संस्थाको पोखरा-५, जिरो किलोमिटर स्थित प्रधान कार्यालयमा उपस्थित भई संस्थाको साधारण सभाको दर्ता किताबमा आफ्नो नाम दर्ता गर्ने, वार्षिक प्रतिवेदन लिने र आफ्नो केही सुझाव एवं जिज्ञासा भए लिखित रुपमा दिनु हुन समेत हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
२. लेखा समितिको तर्फबाट संयोजक ज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
३. आ.व. २०७७/०७८ को लेखा परीक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
४. आ.व. २०७८/०७९ को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने ।
५. आ.व. २०७८/०७९ को लागि लेखा परीक्षक नियुक्ति गर्ने ।
६. आ.व. २०७७/०७८ को मुनाफा सम्बन्धमा ।
७. सदस्यहरुको सुझाव एवं जिज्ञासाको समष्टिगत प्रस्तुतिकरण ।
८. विनियम संशोधन सम्बन्धमा ।
९. नीति, निर्देशिका र कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।
१०. साधारण सभाको निर्णय पुस्तिकामा प्रमाणित गर्न प्रतिनिधि छनौट गर्ने ।
११. विविध ।

**साधारण सभा तालिका:**

**उद्घाटन तथा सुझाव संकलन**

मिति: २०७८ आश्विन १२ गते देखि १५ गते सम्म । (विहान ११ बजेदेखी ५ बजेसम्म)
स्थान: संस्थाको प्रधान कार्यालय पोखरा- ५ जिरो किलोमिटर फेवा मार्ग स्थित कार्यालयमा उपस्थित भई नाम दर्ता गर्ने, प्रतिवेदन लिने र लिखित सुझाव प्रदान गर्ने ।

सभा शुभारम्भ, नाम दर्ता तथा सुझाव संकलन

| मिति | स्थान | समय | कार्यक्रम/कैफियत |
|---|---|---|---|
| २०७८/०६/१२ गते मंगलबार | पोखरा-५, जिरो किलोमिटर स्थित संस्थाको प्रधान कार्यालय भवनमा | विहान ११:०० बजे | सभा शुभारम्भ (अध्यक्षज्यूबाट) (आमन्त्रित मात्र) |
| २०७८/०६/१३ गते देखि १५ गतेसम्म बुधबारदेखि शुक्रबारसम्म | पोखरा-५, जिरो किलोमिटर स्थित संस्थाको प्रधान कार्यालय भवनमा | विहान ११ बजे देखि ५ बजेसम्म | सदस्यहरुको नाम दर्ता/प्रतिवेदन वितरण/प्रश्न तथा सुझाव संकलन |

**समापन समारोह:**

मिति: २०७८ अश्विन १६ गते शनिवार (तदानुसार २ अक्टुबर २०२१)
स्थान: पावर हाउस रिसोर्ट, पोखरा-१७, पार्दी
प्रमुख अतिथि, अन्य अतिथिहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकार तथा विभिन्न उपसमितिका पदाधिकारी तथा सदस्य ज्यूहरु लगायत केहि आमन्त्रित अतिथि ज्यूहरु र तोकिएको कर्मचारी र छनौट भएका प्रतिनिधिहरु मात्र ।
समय: विहान ११ बजे देखि ३:३० बजे सम्म ।

दिल बहादुर भट्टराई
सचिव


# पर्यटन प्रवर्द्धनका लागि साइकलयात्रीको टोली दमौलीमा

पोखरापत्र संवाददाता
दमौली, ७ असोज

कोरोनाका कारण थला परेको पर्यटन क्षेत्रको प्रवर्द्धनमा सहयोग पुऱ्याउन सुरु गरिएको साइकल यात्राको टोली दमौली आइपुगेको छ । विश्व साइकलयात्री पुष्कर शाहको नेतृत्वमा साइकलयात्रीको टोली दमौली आइपुगेको हो।

इलामको अन्तुदेखि सुरु भएको साइकलयात्रीको टोली मुगुको रारासम्म पुग्नेछ। यो यात्राले पर्यटन क्षेत्रको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिइएको शाहले बताउनुभयो । टोलीमा दमौलीका युवा विनोद सापकोटा पनि सहभागी हुनुहुन्छ । कोरोनाले थलिएको पर्यटन क्षेत्रको प्रचारप्रसारमा आफूहरू लागेको उहाँले बताउनुभयो । साइकलयात्रीको टोली २८ जिल्ला हुँदै चार सातामा रारा पुग्नेछ। यात्रामा साइकलयात्रा गरिसकेका र नयाँ गरी ५० जनाको टोली छ। साइकलयात्राले एक हजार ८०० किलोमिटर दूरी पार गर्नेछ। 'सम्बन्ध जोडौँ देश घुमौँ' भन्ने नारासहित हिँडेको टोलीलाई व्यास नगरपालिकाले स्वागत गरेको छ । साइकलयात्रीलाई स्वागत गर्दै नगर प्रमुख वैकुण्ठ न्यौपानेले व्यासभूमिको प्रचारका लागि साइकलयात्रीले सहयोग गर्नुपर्ने बताउनुभयो। नगरप्रमुख न्यौपानेले व्यासको जन्मभूमि दमौलीका बारेमा देशका अन्यत्र जिल्लामा पनि प्रचार गर्न साइकलयात्रीलाई आग्रह गर्नुभयो।